# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

निजामती सेवा नियमावली,२०२१ को नियम ८.२ को उप-नियम१को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सञ्चार मन्त्रालयको का.मु. सचिव श्री जीवनलाल सत्याललाई सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहको राजपत्राङ्कित प्रथम श्रेणी (प्रशासन सेवा) को निजको पदाधिकार कायमै राखी मन्त्रिपरिषद् सचिवालयको सचिव पदमा मिति २०४२।२।१४ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४२।२।१४ को निर्णयानुसार श्री टेकबहादुर खत्रीलाई मन्त्रिपरिषद् सचिवालयको सचिव पदबाट सञ्चार मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

जनकपुर अंचल, सर्लाही जिल्लाबाट राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित माननीय सदस्य श्री रामध्यान रायको मिति २०४२।२।१४ का दिन बैङ्ककमा देहावसान भएकोले राष्ट्रिय पञ्चायतको सदस्यको स्थान एक रिक्त भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८३